अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग- २ सँग सम्बन्धित)

महागढीमाई नगरपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः १ | संख्याः ६ | मितिः २०८२/०२/२१ |

भाग-२

महागढीमाई नगरपालिका

महागढीमाई नगरपालिका

## महागढीमाई नगरपालिकाको

# शिक्षा नीति
## २०८१

## महागढीमाई नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय

बारा जिल्ला, मधेश प्रदेश

२०८१
प्रमाणिकरण मिति २०८१।०९।१५

महागढीमाई नगरपालिका

# विषय सूची


१. पृष्ठभूमि ..... 3

२. विद्यमान अवस्था ..... 4

३. अवसर र चुनौती ..... 6

४. नीतिको आवश्यकता ..... 7

५. दीर्घकालीन सोच ..... 8

६. लक्ष्य ..... 8

७. उद्देश्य ..... 8

८. प्रमुख नीतिहरु ..... 8

९. रणनीति तथा कार्यनीति ..... 9

णनीति १: प्रारम्भिक बाल विकास केन्द्र/पूर्व प्राथमिक कक्षामा सवै वालवालिकाको पहुँचवृद्धि गर्ने । ..... 9

णनीति २: सबै विद्यालयहरु हरित, सुरक्षित तथा स्वस्थय र बालमैत्री अवधारणामा संचालन गर्ने । ..... 10

णनीति ३: निशुल्क र अनिवार्य आधारभूत शिक्षा तथा गुणस्तरीय माध्यमिक शिक्षा प्रदान गर्ने । ..... 12

णनीति ४: विद्यार्थीलाई विद्यालयमा टिकाईराख्न विद्यालय-अभिभावक सम्वन्ध विकास गर्ने । ..... 13

णनीति ५: विपन्न एवं सीमान्तकृत वर्गका बालबालिका केन्द्रीत आधारभूत तथा माध्यमिक शिक्षा कार्यक्रम संचालन गर्ने । ..... 14

णनीति ६: बहुभाषा शिक्षा संचालन गरि तल्ला तहका बालबालिकाको सिकाइ उपलब्धीमा बृद्धि गर्ने । ..... 15

णनीति ७: प्राविधिक शिक्षा र व्यवसायिक तालिममा पहुँच वृद्धि गर्ने । ..... 15

णनीति ८: विद्यालयमा सुशासन कायम गर्ने । ..... 15

णनीति ९: विद्यालय व्यवस्थापन समितिको कामलाई प्रभावकारी वनाउने । ..... 16

णनीति १०: अनुगमन तथा मूल्यांकन प्रणाली प्रभावकारी वनाउने । ..... 17

१०. नीति मूलप्रवाहीकरण ..... 17

११. नीति कार्यान्वयन ..... 17

१२. वित्तीय व्यवस्था ..... 18

१३. साझेदार निकायको भूमिका ..... 18

१४.कानूनी व्यवस्था ..... 19

१५. अनुगमन तथा प्रतिवेदन ..... 19

१६. अपेक्षित नतिजा/उपलव्धी ..... 19

१७. नीतिको पुनरावलोकन/समीक्षा/मूल्यांकन ..... 20

१८ नीति कार्यान्वयन कार्य योजना ..... 21




महागढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरियारपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७३

## १. पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई निःशुल्क शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने व्यवस्था गरेको छ । त्यस्तै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश, स्थानीय तह गरी तीन तहको हुने र नेपालको संविधान र कानुन बमोजिम तीनै तहले राज्यशक्तिको प्रयोग गर्ने व्यवस्था गरेको छ। संघ, प्रदेश र स्थानीय तहका एकल अधिकारहरू संविधानको अनुसूची क्रमश ५, ६ र ८ मा र संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारलाई अनुसूची ९ मा समावेश गरेको छ । जसमा तहगत सरकारहरू आफ्ना अधिकार क्षेत्रका विषयमा कानुन बनाउने, योजना तथा बजेट तर्जुमा, कार्यान्वयन तथा नतिजा मापनका लागि स्वायत्त हुने व्यवस्था गरिएको छ । नेपालको संविधानको धारा २१६ ले स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संधीय कानुनको अधिनमा रही गाउँ कार्यपालिका र नगर कार्यपालिकामा निहित हुने व्यवस्था गरेको छ । स्थानीय कार्यकारिणी अधिकार संविधानको अनुसूची ८ र ९ मा सुचिकृत गरीए अनुसार हुने व्यवस्था रहेको छ। स्थानीय तहको शिक्षा सम्बन्धि अधिकार अनुसूची ८ मा आधारभूत तथा माध्यामिक शिक्षा र अनुसूची ९ मा शिक्षा, खेलकुद र पत्रपत्रिका रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संविधानको अनुसूची ८ र ९ मा उल्लेख भएका स्थानीय तहको एकल अधिकार र साझा अधिकारको सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा विस्तृत उल्लेख गरेको छ । जसमा शिक्षा सम्बन्धमा प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनः सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन, नियमनः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमनः मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन लगायत निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन, गरि २२ वटा अधिकार व्यवस्था छ । संविधानको अनुसूची र स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको स्थानीय तहका शिक्षा सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न, बार्षिक, आबधिक तथा रणनीतिक र दीर्घकालिन शैक्षिक योजनाहरु तयार गर्न र शिक्षा सम्बन्धी ऐन, नियमहरु, निर्देशिकाहरु कार्यबिधिहरु निर्माण गर्न शिक्षा नीतिले निर्देश गर्दछ ।

महागढीमाई नगरपालिकाले शिक्षा लगायतका विषयगत क्षेत्रमा रहेका समस्या समाधान गरी लक्षित नतिजा हासिल गर्न योजनाबद्ध विकासको अभ्यास गरिरहेको छ । सहभागितामूलक विधि अबलम्वन गरी

संचालन गरिने यो प्रक्रियालाई निरन्तरता दिने नगरपालिकाको प्रतिवद्धता रहेको छ । विपन्न र सीमान्तकृत वर्ग लगायतका नागरिकले भोग्नु परेको समस्या हटाई समय सापेक्ष, युग सुहाउदो जनशक्ति उत्पादन गर्न बनाईने शैक्षिक नीति स्थानीय शिक्षा नीति हो । शिक्षा सम्बन्धी आशातित कल्पना, सकारात्मक सोच, प्रतिवद्ध अठोटको आधारमा कार्ययोजना सहित अगाडि जाने स्थानीय शैक्षिक कार्यक्रम स्थानीय शिक्षा नीति हो । तर, यस प्रकारको नीतिको अभावमा यस नगरपालिकाले शिक्षा क्षेत्रमा अपेक्षित नतिजा हासिल गर्न सकिरहेको छैन । यसै सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) (ज) ले दिएको अधिकार प्रयोग गरी महागढीमाई नगरपालिकाले यो "शिक्षा नीति" २०८१ जारी गरेको छ । नीति कार्यान्वयनमा सहयोग पुऱ्याउनु सम्वन्धित सबै पक्षको जिम्मेवारी हुनेछ ।

## २. विद्यमान अवस्था

महागढीमाई नगरपालिका बारा जिल्लामा रहेको पाँच वटा नगरपालिका मध्य एक हो जो साबिकका महागढीमाई नगरपालिका,बरियारपुर, गंजभवानिपुर, बबुआइन, दहियार, तेलकुवा, पत्रहट्टी, मधुरीजब्दी, कवहीजब्दी, पिप्राबिर्ता, प्रशुरामपुर (१), मझरीया (८), महेशपुर (१) गा.वि.स.हरु मिलेर बनेको छायस नगरपालिकाको स्थापना बि.सं.२०७३ सालमा भएको हो । यस नगरपालिका को पूर्वमा करैयामाई गाउँपालिका र पचरौता गाउँपालिका, पश्चिममा कलैया उप-महानगरपालिका, उत्तरमा करैयामाई गाउँपालिका र दक्षिणमा देवताल र स्वर्ण गाउँपालिका रहेको छ ।

५५.३२ वर्ग कि..मि क्षेत्रफल रहेको यस नगरपालिकामा बहुजातिको बसोबास रहेको पाईन्छ । मुख्य रुपले यादब, गुप्ता, चौधरी,,मुस्लिम, कुशवाहा(कोइरी), बरई,कलबार, मुसहर, दोम,दुसाध,धोबी,धानुक,तत्मा,कुर्मी,भुमिहार, ब्रहमन आदिको मिश्रित बसोबास रहेको पाईन्छ । यस नगरपालिकामा जम्मा ११ वटा वडा रहेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार कूल ९७६१ घरधुरी रहेको यस नगरपालिकाको जनसंख्या ५९४२४ छ ।

जसमा अपाङ्गता भएको व्यक्तिहरुको जनसँख्या ६५० रहेको छ । जसमा महिला २८८६५ र पुरुष ३०५५९ रहेका छन् । कूल जनसंख्या मध्ये करिव ४५ प्रतिशत बालबालिका र ३४ प्रतिशत विद्यालय उमेर समूह (५ देखि १४ वर्ष) का बालबालिका रहेका छन् । यहाँको साक्षरता दर ६१.४६ प्रतिशत ( महिला ५१.९४ र पुरुष ७०.५६ प्रतिशत) रहेको देखिन्छ ।

महागढीमाई नगरपालिकामा धार्मिक अधारभूत तह विद्यालय १ अधारभूत तह कक्षा ५ सम्म २१ अधारभूत तह कक्षा ८ सम्म ७ माध्यमिक तह कक्ष १० सम्म ३ र माध्यमिक तह कक्ष १२ सम्म ४ गरी जम्मा ३६ वटा विद्यालयहरुमा विद्यालय तथयांक अनुसार करिब १५७२९ विद्यार्थीहरु जस्मध्ये छात्रा ८५२३ छात्र ७२०५अध्ययनरत छन् । नगरपालिकाका कुनै पनि वस्तीबाट आधारभूत विद्यालय सम्म

पुग्न १५ मिनेट भन्दा वढी समय लाग्दैन । नगरपालिकामा आधारभूत तथा माध्यमिक तहका अधिक्तम विद्यार्थी सामुदायिक विद्यालयमा अध्ययनरत छन् ।
नगरपालिकामा हरेक वर्ष विद्यालय भर्ना अभियान संचालन गरिन्छ । चालु वर्षमा १५ दिन थप समय दिई विद्यार्थी भर्ना अभियान संचालन गरिएको थियो । यसका कारण विद्यार्थी भर्ना दर वढेको छ । तर भर्ना भएका विद्यार्थीलाई विद्यालयमा टिकाईराख्न समस्या रहेको छ । यहाँ विद्यार्थीको बिधालय छोडने दर खासै धेरै नभए तापनि कक्षामा अनुपस्थित हुने दर वढी छ । कक्षामा अनुपस्थित हुने बालबालिका सरदरमा १५ प्रतिशत भन्दा वढी छ । यसरी अनुपस्थित हुने बालबालिकाको अभिभावकलाई सम्पर्क गर्ने गरिएको छ । मुसहर, चमार लगायतका विपन्न र सिमान्तकृत वर्गका बालबालिकामा बिधालय छोडने दर संख्या धेरै छ । कमजोर आर्थिक अकस्था, अभिभावकमा चेतनाकोस्तर कमजोर रहनु, बालिकाहरुको कम उमेरमा विवाह गर्ने प्रचलन कायम रहनु, बालबालिकाहरु घरायसी काममा लाग्न वाध्य हुनु, शैक्षिक सामग्रीको उचित व्यवस्था नहुनु जस्ता कारणहरुले पनि यी समस्याहरु आएको छ । कक्षामा अनुपस्थित हुने बालकको तुलनामा बालिकाको संख्या धेरै छ । विद्यालय छाडने र कक्षामा अनुपस्थित हुने दर वढी हुदा शैक्षिक उपलव्धि कमजोर हुनाको साथै धेरै बालिकाहरुले माध्यमिक तहको शिक्षा पुरा गर्न सकेका छैनन् । विद्यालयमा शिक्षक-अभिभावक अन्तरक्रिया गरी उनिहरुको चेतनास्तर वढाउने प्रयास गरिएको छ, तर यो खासै प्रभावकारी हुन सकेको छैन ।

विद्यालयको भौतिक पूर्वाधार सुधारको लागि नगरपालिकाले हरेक वर्ष बजेट व्यवस्था गरेको भए तापनि सो प्रयाप्त छैन । अधिकांस विद्यालयमा खेल मैदानको उचित व्यवस्था छैन । विद्यालयमा अतिरिक्त क्रियाकलाप भइरहेकाछन यधपी यस लाई विद्यार्थीहरुको अन्तरव्यक्तिक प्रतिभा संग जोडदा बढी प्रभचावकारी हन्छ ॥ सुविधा सम्पन्न शौचालय नहुदा केही विद्यालयका बालबालिका असुविधामा रहेका छन् । यस पालिकामा स्थानीय पाठ्यक्रम निर्माण भईसकेको र शैक्षिक सत्र २०८२ बाट लागुहुने छ । सामुदायिक विद्यालयमा विद्यार्थी संख्याबढि भएको तर सो अनुपातमा शिक्षक दरबन्दि सँख्या कम रहेको र भौतिक पुर्वाधारहरु पनि अपुग मात्रामा रहेको छ । बिधालय नक्शांकनको आधारमा थप वा बिधालय समायोजन गरिनेछ नगरपालिकामा प्राविधिक तथा व्याबसायिक शिक्षा सँचालन भइरहेतापनि थप अपाङ्गता भएका बालबालिकाको लागी क्षोत बिधालय,तथा कार्यगत सिमितिाको आकलन, वयत्रितगत शिक्षा योजना निर्माण, अपाँगता भएको बालबालिको लागी घरमै बिधालय तथा बालमैत्रि कक्षाकोठाको वयवस्थापन गर्नुपर्ने छ । । साधारण शिक्षाको तुलनामा प्राविधिक तथा व्यवसायिक शिक्षा (खासगरी कृषि र पशु स्वास्थ्य) तर्फ विद्यार्थी र अभिभावकको चाहना वढेको पाइएकोले सो अनुसारको वयवसायिक शिक्षाको व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

नगरपालिकाले शिक्षा विकासलाई प्राथमिकतामा राखी कार्य गरिरहेकोछ । कक्षा ९ का विद्यार्थीहरुलाई साइकल वितरण गर्ने कार्यक्रम संचालन गरिएको छ । विपन्न वर्गका बालबालिकाको लागि छात्रावृत्तिको व्यवस्था गरिएको छ । शिक्षक कम रहेका विद्यालयमा नगरपालिकाले थप शिक्षकको व्यवस्था गरेको छ ।विज्ञान प्रयोगशाला निर्माण तथा संचालन, प्रारम्भिक बाल बिकास केन्द्र (पूर्व प्राथमिक कक्षा) संचालन, कर्मचारी व्यवस्थापन, कम्प्युटर विषय शिक्षकको व्यवस्था जस्ता क्षेत्रमा नगरपालिकाले थप सहयोग गर्ने

महागढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरियारपुर, बारा मधेश प्रदेश, नेपाल २०७३

गरेको छ । कक्षा कोठामा पंखा उपलब्ध गराईएको छ । किशोरीहरुलाई महिनावारीको समयमा सेनिटरी प्याड उपलव्ध गराउने र यसको प्रयोग तथा व्यवस्थापनका  लागी माधमिक बिधालयहरुमा महिला र्कमचारीहरुको व्यवस्था मिलाईएको छ । विद्यालय अनुगमन र निरिक्षणका लागि नगर शिक्षा समिति सकृय रहेको छ । ई-हाजिरीको थालनी भएदेखि शिक्षकको उपस्थितीमा सुधार आएको छ । तर कक्षा संचालन, शिक्षण विधि र समयका वारेमा अभिभावकहरुको गुनासो रहेको छ ।

नगरपालिकाले शैक्षिक सुधारको लागि प्रयास गरिरहेको भए तापनि यो प्रयाप्त नरहेको अभिभावकहरुको वुझाई छ । स्थानीय अभिभावकहरुको वुझाईमा अभिभावक शिक्षा अनिवार्य गर्ने, विपन्न र सिमान्तकृत वर्गका अभिभावकलाई जिविकोपार्जन सहयोग कार्यक्रम आवश्यक छ । साथै विद्यालयको भौतिक पूर्वाधार विकास, विद्यार्थीको संख्या हेरी थप कक्षा कोठाको व्यवस्था, विपन्न र सिमान्तकृत वर्गका बालबालिकालाई शैक्षिक सामग्रीको सुनिश्चितता, विद्यालय दिवा खाजा, कक्षा उत्कृष्ट विद्यार्थीलाई पुरस्कार, कक्षा संचालनको निरिक्षण लगायतका विषयलाई नगरपालिकाले प्राथमिकतामा राख्नु पर्ने अभिभावकहरुको भनाई देखिन्छ । तसर्थ विषयगत शिक्षकको व्यवस्था, अभिभावक शिक्षा, शिक्षक-अभिभावक संचार तथा संजाल, बाल क्लव, बाल संजाल गठन, बिधालयमा लैङ्गिक क्षोत व्यवक्ति  र प्रभावकारी संचालन, विद्यालय भौतिक पूर्वाधार र शैक्षिक सामग्रीको उपलव्धता, नियमित अनुगमन जस्ता विषय महत्वपूर्ण रहेका छन् ।

## ३. अवसर र चुनौती

### ३.१ अवसर

१. विद्यमान संवैधानिक व्यवस्था अनुसार आधारभूत र माध्यमिक शिक्षाको जिम्मेवारी नगरपालिकालाई प्राप्त हुनु ।
२. कानूनी व्यवस्था अनुसार पूर्व प्राथमिक शिक्षा/बाल बिकास कार्यक्रम र शैक्षिक क्षेत्र सुधार र पठनपाठन सम्बन्धी अधिकार नगरपालिकाले प्राप्त गर्नु ।
३. शिक्षा सम्बन्धि नीति, कानून, योजना र बजेट निर्माण गर्ने आधिकार नगरपालिकालाई हुनु ।
४. संगठन संरचना र संस्थागत क्षमता विकास सम्बन्धी कार्य गर्ने अधिकार नगरपालिकालाई हुनु ।
५. साझेदार र सहयोगी निकायहरुसंगको समन्वय, सहयोग र साझेदारी विकासमा शैक्षिक कार्यक्रम संचालन गर्ने अधिकार नगरपालिकालाई प्राप्त हुनु ।
६. साझेदार र सहयोगी निकायहरुको शिक्षामा सहयोग रहनु ।
७. राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार आधारभूत तथा माध्यमिक शिक्षाको व्यबस्थापन र संचालनको अधिकार नगरपालिकालाई प्राप्त हुनु ।
८. स्थानिय सरकार सञ्चनला ऐन २०७४ अनुरुप बिधालयको शुसाशन तथा व्यवस्थापन गर्नको लागी बिधालय व्यवस्थापन समिति गठन समबन्धि अधिकार नगरपालिका लाई प्रदान गरिएको छ ।

## ३.२ चुनौती

१. बालमैत्री तथा अपाङ्गमैत्रि शिक्षाको अवधारण लागु गर्न नसक्नु ।
२. अभिभाबक विहिन र जोखिमपूर्ण अबस्थामा रहेका बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने र विद्यालयमा टिकाइ राख्नु ।
३. कमजोर आर्थिक अबस्था र चेतनास्तर कम भएका अभिभावकका बालबालिकाको कक्षा छाड्ने दर घटाउनु तथा बालबालिकालाई टिकाई राख्नु ।
परिवारको आर्थिक अवस्था कमजोर हुदा बालबालिकाहरु श्रममा लाग्न वाध्य हुनु ।
५. नागरिकको अपेक्षा अनुसार शैक्षिक सेवा प्रदान गर्न नगरपालिकासंग श्रोत, साधन र क्षमता विकास गर्नु ।
६. शिक्षक-विद्यार्थी अनुपातमा सन्तुलन मिलाउनु ।
७. कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दर वढी हुनु ।
८. विद्यार्थी र अभिभावकको सोच, शिक्षाको गुणस्तर र नतिजाका कारण संस्थागत विद्यालयमा विद्यार्थीको चाप वढी हुनु र सामुदायिक विद्यालयमा आफना बालबालिका पढाउने चासो कम हुनु ।
९. विद्यालयमा भौतिक सुविधाहरु कमजोर हुनु ।
१०. बालमैत्री विद्यालयको अवधारणा लागु गर्न नसक्नु ।
११. शैक्षिक उपलब्धि कमजोर रहनु ।

## ४. नीतिको आवश्यकता

नेपालको संबिधान २०७२ को भाग ३ मौलिक हक को धारा ३१ को शिक्षा सम्बन्धी हकहरुको तथा नीतिको कायान्वयनको लागि स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको शिक्षा सम्बन्धि जिम्मेवारी पुरा गर्न आवश्यक रहेको छ । नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धि र अन्य कानूनहरुले समेत शिक्षा र विकासका विषयलाई महत्व दिएका छन् । दीगो विकासको लक्ष्य प्राप्ति प्रति नेपाल सरकारले देखाएको प्रतिबध्दता र लक्ष्य नं ४ अनुसार सम्म गुणस्तरीय शिक्षा प्राप्त गर्न, शिक्षा क्षेत्रको योजना २०२२-२०३२ का लक्ष्यलाई भेटाउन स्थानीय तहहरुले आफुलाई प्राप्त जिम्मेवारी निर्वाह गर्नु पर्ने हुन्छ । साथ साथै ReAL योजना (२०२३–२०२८) अनुरुप पनि स्थानिय निकायमा शिक्षाको गुणस्तिरियता कायम गर्ने प्रक्रियाहरुलाई अब्लमबन गरेको पाईन्छ यसलाई मूर्तरुप दिन नेपालको संविधानले स्थानीय सरकारको रुपमा रहेको नगरपालिकालाई आधारभूत र माध्यमिक तहको शिक्षा सम्बन्धी अधिकार दिएको छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ ले प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, सामुदायिक सिकाई लगायतका विषयमा स्थानीय नीति तथा कानून वनाउने

महागढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरियारपुर, बारा मधेश प्रदेश, नेपाल २०७३

अधिकार स्थानीय सरकारलाई दिएको छ । साथै नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापनको जिम्मेवारी समेत स्थानीय सरकारमा रहेको छ । तसर्थ विपन्न तथा सीमान्तकृत वर्गका बालबालिकाको शैक्षिक अधिकार सुनिश्चित गर्दै नगरपालिकाको समग्र शैक्षिक अवस्था सुधार ल्याउन एक व्यवहारिक, सान्दर्भिक र नतिजामूखी शिक्षा नीतिको आवश्यकता महशुस गरी महागढीमाई नगरपालिकाले यो नीति कार्यान्वयनमा ल्याएको छ ।

## ५. दीर्घकालीन सोच

“गुणस्तरीय र समावेशी शिक्षा महागढीमाई नगरपालिकाको सेवा र अपेक्षा” ।

## ६. लक्ष्य

विपन्न एवं सीमान्तकृत वर्गका गुणस्तरीय शिक्षा पहुच बढाउदै महागढीमाई नगरपालिकाको समग्र शैक्षिक अवस्थामा सुधार गर्ने ।

## ७. उद्देश्य

(१) आधारभूत तह उमेर समूहका सबै बालबाबालिका विद्यालयमा भर्ना भएका हुनेछन् ।
(२) विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउने बालबालिकाको संख्यामा कमी आएको हुनेछ ।
(३) आधारभूत तहका बालबालिकाको सिकाई उपलब्धीमा सुधार आएको हुनेछ ।
(४) माध्यमिक तह सम्मको शिक्षा र शैक्षिक उपलब्धिमा विपन्न एवं सीमान्तकृत वर्गका बालबालिकाको पहुँच वृद्धि भएको हुनेछ ।

## ८. प्रमुख नीतिहरु

(१) यस शिक्षा नीतिलाई नगरपालिकाको समग्र विकास नीति, आवधिक तथा बार्षिक योजना र बजेटसंग आवद्ध गरिनेछ ।
(२) नीति कार्यान्वयनको लागि शिक्षा क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था, विकास साझेदारको सहयोगमा संचालित कार्यक्रम र प्रदेश तथा संघीय सरकारसंग समन्वय, सहजीकरण र सहकार्य गरिनेछ ।
(३) प्रारम्भिक वाल विकास र शिक्षामा सवै वालवालिकाहरुको सर्वसुलभ पहुँच सुनिश्चित गरिनेछ ।
(४) विद्यार्थी भर्ना, आधारभूत तथा माध्यमिक शिक्षामा पहुँच वृद्धि र शैक्षिक उपलब्धि मापन गर्दा विपन्न र सिमान्तकृत वर्गका बालबालिकालाई आधार मानिनेछ ।
(५) वैकल्पिक विद्यालयहरुको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गरिनेछ ।

महागढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरियारपुर, बारा मधेश प्रदेश, नेपाल २०७३

(६) शिक्षालाई जीवन उपयोगी, व्यवहारिक र समय सान्दर्भिक तथा प्रविधिमैत्री बनाउँदै लगिनेछ ।

(७) स्थानीय आवश्यकता र व्यवहारिकतालाई आधार मानी विद्यालय समायोजन गर्ने वा ठूला विद्यायल (Big School) अवधारणा लागु गरिनेछ ।

(८) शिक्षक विकास र व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

(९) विद्यालय अनुगमन, निरीक्षण तथा सुपरीवेक्षणलाई गुणस्तरीय तथा नियमित पठनपाठन र शिक्षक पेशागत विकासको पूर्व शर्तका रुपमा लिईनेछ ।

(१०) शिक्षक-विद्यार्थी-अभिभावक समन्वय, विद्यालय व्यवस्थापनमा सुधार र बालमैत्री शिक्षा प्रवर्द्धन गर्दै शैक्षिक सुशासन कायम गरिनेछ ।

(११) महागढीमाई नगरपालिकालाई पूर्ण साक्षर तथा १०० प्रतिशत भर्ना भएको नगरपालिका घोषणा गरिनेछ ।

(१२) शिक्षक विकास र व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

(१३) विद्यालय अनुगमन, निरीक्षण तथा सुपरीवेक्षणलाई गुणस्तरीय तथा नियमित पठनपाठन र शिक्षक पेशागत विकासको पूर्व शर्तका रुपमा लिईनेछ ।

(१४) शिक्षक-विद्यार्थी-अभिभावक समन्वय, विद्यालय व्यवस्थापनमा सुधार र बालमैत्री शिक्षा प्रवर्द्धन गर्दै शैक्षिक सुशासन कायम गरिनेछ ।

## ९. रणनीति तथा कार्यनीति

रणनीति १: प्रारम्भिक बाल विकास केन्द्र/पूर्व प्राथमिक कक्षामा सबै वालवालिकाको पहुँचवृद्धि गर्ने ।

**कार्यनीतिहरुः**

१. विद्यालयमा आधारित बाल विकास केन्द्र (पूर्व प्राथमिक कक्षा) को मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।
२. प्रत्येक सामुदायिक विद्यालयमा कम्तिमा एउटा प्रारम्भिक वाल विकास केन्द्र र कक्षा कोठाको विस्तार गरिनेछ ।
३. आवश्यकता अनुसार समुदायस्तरमा समेत बाल विकास कार्यक्रम संचालन गरिनेछ ।
४. उमेर पुगेका सबै बालबालिकाहरुलाई बालविकास केन्द्रमा भर्ना गरिनेछ ।
५. सामुदायिक विद्यालयका बालविकास केन्द्रमा "रमाउँदै र सिक्दै" अभियान शुरु गरिनेछ ।
६. बाल विकास केन्द्रहरुमा बालमैत्री बसाई व्यवस्थापन, छापामय कक्षा कोठा र उमेर सुहाउदो प्रविधिमैत्री सिकाई सामाग्रीहरुको व्यवस्था गरिनेछ ।
७. बाल विकास केन्द्रका शिक्षहरुको सुविधा र सेवाका शर्तहरु समयानुकुल वनाई उनीहरुलाई अन्य कक्षाको पठनपाठनमा रोक लगाईनेछ ।
८. बाल विकास केन्द्रका शिक्षकहरुलाई बालविकास सम्वन्धी आधारभूत तथा पुनर्ताजकिय तालिमको व्यवस्था गरिनेछ ।
९. बालबालिकालाई पोषणयुक्त दिवाखाजा र नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गरिनेछ ।

१०. बाल विकास केन्द्रमा भर्ना भएका बालवालिकाका अभिभावकहरुको लागि महिनाको एक पटक अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
११. बाल विकास केन्द्रका शिक्षकहरुको द्विमासिक घुम्ति बैठक संचालन गरिनेछ ।

**रणनीति २: सबै विद्यालयहरु हरित, सुरक्षित तथा स्वस्थय र बालमैत्री अवधारणामा संचालन गर्ने ।**

<u>कार्यनीतिहरु</u>

१. हरित, सुरक्षित र बालमैत्री बिद्यालयको अवधारणा तथा कार्यान्वयन कार्यविधि तर्जुमा गरी यस अवधारणाको कार्यान्वयन गर्न सबै विद्यालयलाई आवश्यक श्रोत उपलब्ध गराईनेछ ।
२. विद्यालय सुधार योजना, वडा शिक्षा योजना र गाउँपालिका शिक्षा योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।
३. सबै विद्यालयमा बाल क्लव एवं विद्यालयस्तरीय बाल संजाल गठन गरिनेछ ।
४. सवै विद्यालयमा सावुन, गम्छा, ऐना जस्ता अत्यावश्यक सामग्री सहित छात्र तथा छात्राको लागि अलग-अलग शौचालयको व्यवस्था गरिनेछ ।
५. छात्रा शौचालयमा सेनिटरी प्याडको उपलब्धता र सेनिटरी प्याड विसर्जन गर्ने उपयुक्त व्यवस्था गरिनेछ ।
६. हरेक विद्यालयमा शैक्षिक सामाग्री, फर्निचर, विज्ञान प्रयोगशाला, कम्प्युटर, स्मार्ट बोर्ड, आदि जस्ता शैक्षिक पूर्वाधार र बालमैत्री तथा अपांगतामैत्री भौतिक पूर्वाधार निर्माण गरिनेछ ।
७. कक्षा कोठामा अधिकतम् व्यवहारिक सूचना प्रविधिको प्रयोग गर्दै परम्परागत घोकन्ते तथा शिक्षक केन्द्रित विधिहरूमा परिवर्तन गरी प्रविधिमैत्री र बालमैत्री पठन पाठन गर्ने व्यवस्था मिलाईनेछ ।
८. हरित, सुरक्षित र बालमैत्री विद्यालयको सूचक तयार गरी विद्यालयहरुको मूल्यांकन गरिनेछ र सर्बोत्कृट विद्यालयलाई उचित सम्मान र पुरस्कारको व्यवस्था गरिनेछ ।
९. शिक्षकहरुको क्षमता अभिबृद्धिको रुपमा दोमासिक घुम्ति बैठक सँचालन गरिने ।
१०. विद्यालयहरुमा आचार सहिँता निर्माण गरि लागु गरि दण्ड रहितको शिक्षा सिकाइ सुनिश्ति गरिने छ
११. सुरक्षित बसाई व्यवस्थापन -तल्ला कक्षाहरुमा भुई बसाई व्यवस्थापन तथ अन्य बालमैत्री तथा अपाँगमैत्री बसाई व्यवस्थापन गरिने छ ।,
१२. छापामय कक्षाको, बाल पुस्ताकालयको व्यवस्था गरिने छ ।
१३. प्रत्येक बिधालयमा स्वास्थय तथा पोषण कार्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्ने,
१४. प्रत्येक बिधालयमा स्वास्थय तथा पोषण सहजकर्ताको व्यवस्थापन भएको र तिनको क्षमता अभिबृद्धि भएको हुनेछ ,
१५. बिधालयमा स्वास्थय तथा पोषण कार्यक्रमलाई प्रभावकारी सँचालन तथा व्यवस्थापनको लागी रेजिष्टर व्यवस्थापन, स्वास्थय तथा पोषण सत्रहरु, कार्यगत सिमितिता भएका बालबालिकाहरु

जस्तै दृष्टि समबन्धि , बोलाई समबन्धि, सुनाई समबन्धि, शारिरीक कार्यगत सिमितिता पहिचान तथा सहयोगको लागी शिविर वा स्वास्थय कार्यक्रम सँचालन भएको हुनेछ ।

१६. बिधालयमा बालबालिकाको स्वास्थय अवस्थालाई ख्याल गरेर  समय समयमा अनिवार्य खोप, डेभोमिन जस्ता औषधिको व्यवस्थापन, आईरन फोलिक एसिड आदिको व्यवस्थापन भएको हुनेछ ,

१७. बिधालयमा नियमित तरिकाले बालबालिकाले हात धुने स्टेशन तथा स्वचछ खानेपानीको व्यवस्थापन भएको हुनेछ ,

१८. बिधालयहरुमा अनिवार्यरुपमा प्राथमिक उपचार बक्सको व्यवस्थापन भएको हुनेछ ,

१९. बिधालयले बार्षिकरुपमा आफनो बिधालयको सँकटासन्नटा तथा क्षमता आँकलन गरेर जलवायु अनुकुलन तथा विपद व्यवस्थापन योजना निर्माण गरेको हुनेछ,

२०. बिधालयले आफनो बिधालयको सँरचनात्मक तथा गैरसँरचनात्मक जोखिमहरुको पहिचान गरेर बिधालयको जलवायु अनुकुलन तथा विपद व्यवस्थापन योजना समावेश गरेको हुनेछ,

२१. बिधालयमा बिधार्थीहरुको विपद जस्तै भुकम्प बाट सुरक्षाको लागी बिधालय स्तरीय कृत्रिम घटना अभ्यास गरेको हुनेछ,

२२. बिधालयले आफनो जलवायु उत्थानशिल तथा विपद व्यवस्थापन योजना लाई समय समयमा अध्याबधिक गरी पालिकासँगको समन्वयमा आर्थिक क्षोत तथा साधनको व्यवस्थापन भएको हुनेछ ।

<u>कार्यनीतिहरु</u>

१. बालमैत्री बिद्यालयको अवधारणा तथा कार्यान्वयन कार्यविधि तर्जुमा गरी यस अवधारणाको कार्यान्वयन गर्न सबै विद्यालयलाई आवश्यक श्रोत तथा साधन उपलव्ध गराईनेछ ।

२. विद्यालय सुधार योजना, वडा शिक्षा योजना र नगर शिक्षा योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

३. सबै विद्यालयमा बाल क्लव एवं विद्यालयस्तरीय बाल संजाल गठन गरिनेछ ।

४. अन्तर विद्यालय खेलकुद प्रतियोगिता तथा शैक्षिक सुधार सम्वन्धी अतिरिक्त क्रियाकलाप संचालन गरिनेछ ।

५. सवै विद्यालयमा सावुन, गम्छा, ऐना जस्ता अत्यावश्यक सामग्री सहित छात्र तथा छात्राको लागि अलग-अलग शौचालयको व्यवस्था गरिनेछ ।

६. छात्रा शौचालयमा सेनिटरी प्याडको उपलव्धता र सेनिटरी प्याड विसर्जन गर्ने उपयुक्त व्यवस्था गरिनेछ ।

७. हरेक विद्यालयमा शैक्षिक सामाग्री, फर्निचर, विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्युटर, स्मार्ट बोर्ड, आदि जस्ता शैक्षिक पूर्वाधार र बालमैत्री तथा अपांगतामैत्री भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ ।

८. कक्षा कोठामा अधिकतम् व्यवहारिक सूचना प्रविधिको प्रयोग गर्दै परम्परागत घोकन्ते तथा शिक्षक केन्द्रित विधिहरूमा परिवर्तन गरी प्रविधिमैत्री र बालमैत्री पठन पाठन गर्ने व्यवस्था मिलाईनेछ ।
९. शिक्षकहरुको क्षमता अभिबृद्धिको रुपमा द्विमासिक घुम्ति बैठक संचालन गरिनेछ ।
१०. बालमैत्री आचार सहिंता लागु गरी दण्ड रहितको शिक्षा सिकाई सुनिश्चित गरिनेछ ।
११. कक्षाकोठामा बालमैत्री तथा अपाङ्गमैत्री बसाई व्यवस्थापन गरिनेछ ।
१२. छापामय कक्षा र बाल पुस्तकालयको व्यवस्था गरिनेछ ।
१३. बालमैत्री विद्यालयको सूचक तयार गरी विद्यालयहरुको मूल्यांकन गरिनेछ र सर्बोत्कृट विद्यालयलाई उचित सम्मान र पुरस्कारको व्यवस्था गरिनेछ ।
१४. सामुदायिक बिधालयहरुमा ीयध ल्य ऋयकत को अबधारणा मार्फत कक्षाकोठाको व्यवस्थापन प्रकृयालाई अगादि बढाईने छ ।
१५. आवशयकताअनुसार बालविकास सहजकर्ताको दरबन्दि मिलान गरिनेछ ।

**रणनीति ३: निशुल्क र अनिवार्य आधारभूत शिक्षा तथा गुणस्तरीय माध्यमिक शिक्षा प्रदान गर्ने ।**

<u>कार्यनीतिहरु</u>

१. विद्यालय उमेर समूहका सतप्रतिशत बालबालिकालाई विद्यालय भर्ना गरिनेछ ।
२. आधारभूत तहका विद्यार्थी तथा तिनका अभिभावकहरुबाट कुनै पनि प्रकारको शुल्क लिइने छैन ।
३. आधारभूत तथा माध्यमिक शिक्षामा सहकारी, सरकारी र निजी क्षेत्र साझेदारीको अभ्यास शुरु गरिनेछ ।
४. सामुदायिक विद्यालयहरुलाई सर्वसुलभ बनाई सबै बालवालिकालाई अनिवार्य आधारभूत शिक्षा प्रदान गरिनेछ ।
५. बिषयगत शिक्षक उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
६. शैक्षिक सत्र शुरु हुनु अगावै नगरपालिकाको शिक्षा शाखाले शैक्षिक पात्रो प्रकाशन गर्नेछ ।
७. सबै सामुदायिक विद्यालयमा एउटै शैक्षिक पात्रो र एकै प्रकारको पाठयोजना लागू गरिनेछ ।
८. आधारभूत तह देखिनै अंग्रेजी, गणित, विज्ञान, कम्प्यूटर र नैतिक शिक्षा विषय अनिवार्य गर्ने नीति लिइनेछ ।
९. माध्यमिक तहको शिक्षामा विपद् व्यवस्थापन र उत्थानशील पूर्वाधार जस्ता विषयहरूलाई समावेश गरिनेछ ।
१०. सबै विद्यालयमा वार्षिक न्यूनतम् २६० दिन पठनपाठन गरिनेछ ।
११. विद्यार्थीहरुको सिकाईलाई आधार मानि आवश्यक विषयमा ट्युसन, कोचिङ्ग वा अतिरिक्त कक्षा संचालन गरिनेछ ।

१२. प्रत्येक शिक्षकले पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका जस्ता सन्दर्भ सामग्रीको अध्ययन गर्ने र पाठयोजना तयार गरी अध्यापन गर्ने व्यवस्था गरिनेछ ।

१३. पूर्व प्राथमिक कक्षा र आधारभूत देखि माध्यमिक तहको शिक्षालाई आवद्ध गरी निरन्तर सिकाईको आभास दिलाईनेछ ।

१४. विद्यालयमा विद्यार्थीको हाजिरी रेकर्डलाई व्यवस्थित गरी दिवा खाजा कार्यक्रमलाई प्रभावकारी वनाईनेछ ।

१५. नियमित रुपमा कक्षा अवलोकन, नमुना प्रस्तुती तथा शिक्षक अन्तरक्रिया गरी शिक्षकहरुको क्षमता विकास गरिनेछ ।

१६. विद्यालयका शिक्षकहरूलाई विषय शिक्षकको रुपमा शैक्षिक डिग्री वा अध्यापन सिप विकास तालिम लिन प्रोत्साहित गरिनेछ ।

१७. प्रत्येक सामुदायिक विद्यालयमा आधारभुत शैक्षिक पूर्वाधार र जनशक्तिको व्यवस्था गरिनेछ ।

१८. सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कोटा अनुसारको गरीब तथा जेहन्दार विद्यार्थी छात्रवृत्ति अनिवार्य गरिनेछ ।

१९. विद्यार्थीहरूको मुल्यांकनमा एकरुपता कायम गर्न नगरपालिकास्तरीय परीक्षा समिति गठन गरी इकाईगत, त्रैमासिक तथा वार्षिक परीक्षालाई व्यवस्थित गरिनेछ ।

२०. विज्ञ टोली गठन गरी प्रश्नपत्र मोडरेशनको जिम्मेवारी दिईनेछ ।

२१. हरेक विद्यालयको प्रथम, द्धितीय, तृतीय स्थान हासिल गर्ने विद्यार्थीहरूको उत्तरपुस्तिका संकलन गरी अध्ययन सामग्रीको रुपमा वितरण गरिनेछ ।

२२. शिक्षकको सहजीकरणमा विद्यार्थीहरुले समूह कार्य र परियोजना कार्य गरी विषय केन्द्रीत प्रस्तुतीकरण एवं स्वमूल्यांकन गर्ने परिपाटीको विकास गरिनेछ ।

२३. विद्यालय भर्ना भएका बालबालिकाको तह अनुसार सिकाई उपलब्धीमा बृद्धि गरिनेछ ।

२४. संस्थागत र सामुदायिक विद्यालय विचको शैक्षिक गुणस्तरको अन्तर कम गर्न दुवै पक्षविच सहकार्य गर्ने व्यवस्था मिलाईनेछ ।

२५. संस्थागत (निजी) विद्यालयको व्यवस्थापन सुधार र शैक्षिक गुणस्तर कायम गर्न विद्यालय दर्ता स्वीकृती र नियमित अनुगमन तथा नियमन गरिनेछ ।

**रणनीति ४: विद्यार्थीलाई विद्यालयमा टिकाईराख्न विद्यालय-अभिभावक सम्वन्ध विकास गर्ने ।**

**कार्यनीतिहरुः**

१. सामुदायिक विद्यालयका छात्राहरूको विद्यालय छोड्ने र कक्षामा अनुपस्थित हुने दर कम गर्न अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

२. समुदायका अगुवा, अग्रज एवं अनुभवी व्यक्तिहरूको सीप, दक्षता र अनुभव आदान-प्रदान गर्ने विधि सहितको अभिभावक सचेतना कार्यक्रम संचालन गरिनेछ ।

३. विपन्न तथा सीमान्तकृत वर्ग एवं शारिरीक, बौद्धिक तथा मानसिक समस्यामा रहेका विद्यार्थी र तिनका अभिभावकको लागि समूह लक्षित परिवार सहायता कार्यक्रम लागू गरिनेछ ।

४. विद्यालयमा कक्षागत तथा तहगत रुपमा अभिभावक भेला गरिनेछ ।
५. हरेक महिना विद्यार्थीहरूले गरेका असल कामहरू प्रदर्शन गरी विद्यार्थी र अभिभावकलाई प्रोत्साहन गरिनेछ ।
६. नियमित रुपमा प्रधानाध्यापक, बालक्लव संजाल, शिक्षक र अभिभावकको संयुक्त बैठक/भेला आयोजना गरिनेछ ।
७. बाल क्लवको क्षमता विकास गरी टोल/वस्ती तथा घर-घरमा शैक्षिक जनचेतनामूलक सन्देश एवं सूचना प्रवाह गरिनेछ ।
८. विद्यालय निरन्तरताको लागि बालबालिकाको हाजिर कार्ड लागु गरिनेछ ।
९. आवश्यकता अनुसार तल्लो तहका बालबालिकाका लागि घर सिकाई क्षेत्र स्थापना गर्न सहयोग गरिनेछ ।
१०. **रणनीति ५: विपन्न एवं सीमान्तकृत वर्गका बालबालिका केन्द्रीत आधारभूत तथा माध्यमिक शिक्षा कार्यक्रम संचालन गर्ने ।**

कार्यनीतिहरुः

१. विपन्न एवं सीमान्तकृत वर्गका परिवारको पहिचान गरी अभिलेखिकरण गरिनेछ ।
२. विपन्न एवं सीमान्तकृत वर्गका बालबालिकालाई लक्षित गरी विद्यालय भर्ना अभियान संचालन गरिनेछ ।
३. निर्धारित समयमा शिक्षक र विद्यार्थी कक्षा कोठामा उपस्थित हुने, सिकाई सरल र सहज वनाउने र सफल सिकाईको अनुसरण गर्ने व्यवस्था मिलाईनेछ ।
४. दिनभर श्रम गर्ने, बैदेशिक रोजगारीमा जाने र पारिवारिक समस्यामा रहेका अभिभावकका बालबालिकाको सम्पर्कमा रही उनीहरुलाई विद्यालय जान हौसला वढाउने, सिक्ने, सिकाउने प्रकृयामा थप सहजीकरण गर्ने र शैक्षिक सामग्री तथा सहायता उपलव्ध गराउने व्यवस्था सम्बन्धित विद्यालयले मिलाउनेछ ।
५. भिन्न क्षमता भएका बालबालिकालाई सीपमूलक विशेष शिक्षा प्रदान गरिनेछ ।
६. प्राविधिक एवम् व्यवसायिक शिक्षा अध्ययन गर्ने विपन्न तथा सिमान्तकृत वर्गका बालबालिकालाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
७. माध्यमिक तहमा अध्ययनरत सामुदायिक विद्यालयका बालबालिकाको लागि पढ्दै-कमाउँदै एवं कमाउँदै-पढ्दै कार्यक्रम संचालन गरिनेछ ।
८. आधारभूत र माध्यमिक तह उत्तिर्ण हुने विपन्न तथा सीमान्तकृत वर्गका बालबालिका तथा तिनका अभिभावकलाई सम्मान गरिनेछ ।
९. सम्बन्धित साझेदार एवं सहयोगी निकाय र सरोकारवालाहरुसंग समन्वय र सम्वन्ध विकास गरि थप श्रोत जुटाईनेछ ।

## रणनीति ६: बहुभाषा शिक्षा संचालन गरि तल्ला तहका बालबालिकाको सिकाइ उपलब्धीमा बृद्धि गर्ने ।

कार्यनीतिहरु

१. विद्यार्थीहरुलाई स्थानीय आवश्यकता अनुसारको सिप हस्तान्तरण गर्न स्थानीय पाठ्यक्रम ( बहुभाषित शिक्षण सिकाई) तयार गरी पठनपाठन गरिनेछ ।
२. स्थानीय भाषा (भोजपुरी) सहितको बहुभाषा शिक्षण सिकाई अभ्यास लागु गरिनेछ ।
३. भाषा विज्ञहरुको एक समिति गठन गरी आधारभूत तह (कक्षा १-८) को स्थानीय पाठ्यक्रम तयार गरिनेछ ।
४. पाठ्यक्रम तथा पाठ्यपुस्तक छपाई गरी निशुल्क वितरण गरिनेछ ।
५. स्थानीय पाठ्यक्रम अनुसार कक्षा संचालनको लागि शिक्षकहरुलाई आवश्यक तालिम दिईनेछ ।
६. तोकिएको विधि अनुसार अध्ययन, अध्यापन र परीक्षा संचालन गरी बहुभाषा शिक्षालाई विद्यालय शिक्षाको एक अंगको रुपमा विकास गरिनेछ ।

## रणनीति ७: प्राविधिक शिक्षा र व्यवसायिक तालिममा पहुँच वृद्धि गर्ने ।

कार्यनीतिहरु

१. प्राबिधिक शिक्षा तथा व्यबसायिक सीपको नक्साङ्कन गरी आवश्यकता अनुसार प्राबिधिक शिक्षा तथा व्यबसायिक तालिम/केन्द्रहरु संचालन गरिनेछ ।
२. विद्यालय छोडेका बालबालिकाका लागि प्राविधिक तथा व्यावसायिक शिक्षालाई व्यवस्थित गर्दै मागमा आधारित सीपयुक्त तालिम संचालन गरी स्थानीय रोजगारी तथा स्वरोजगारको अवसर सृजना गरिनेछ ।
३. विद्यालय शिक्षालाई व्यवसायिक तथा सिपमूलक बनाईनेछ ।
४. विद्यालय शिक्षामा निरन्तरता दिन सहयोग पुग्ने गरी माध्यमिक तहका गरिव तथा विपन्न वर्गका विद्यार्थीहरुलाई आयआर्जन कार्यक्रममा आवद्ध गरिनेछ ।
५. प्राबिधिक शिक्षालाई प्रयोगात्मक र व्यवहारिक बनाउन उद्योगी तथा व्यवसायिहरुसंग सहकार्य गरिनेछ ।

## रणनीति ८: विद्यालयमा सुशासन कायम गर्ने ।

कार्यनीतिहरु

१. विद्यालय सुधार योजना तयार गरी नियममित रुपमा विद्यालय संचालन गर्न आवश्यक सहयोग गरिनेछ ।
२. संस्थागत एवं सामुदायिक तर्फका सवल र कमजोर विद्यालय वीच व्यवस्थापन सहकार्यको थालनी गरिनेछ ।

३. विषयगत क्लष्टरको आधारमा सवैभन्दा उत्कृष्ट अंक वा जिपिए हासिल गर्ने/गराउने विद्यार्थी/शिक्षक लाई वार्षिक रुपमा पुरस्कृत गरिनेछ ।
४. रिक्त स्थानमा शिक्षक, कर्मचारी नियुक्त गर्दा नविनतम् सिप र ज्ञानका सवालहरु समेटेर प्रश्न पत्र तयार गरिनेछ ।
५. यथार्थपरक आय व्यय राख्न अनलाईनमा आधारित लेखा प्रणाली लागू गरी विद्यालयको आय र व्यय पारदर्शी गरिनेछ ।
६. विद्यालयहरुको वार्षिक लेखा परिक्षणको लागि आवश्यक प्राविधिक सहयोग गरिनेछ ।
७. सामुदायिक विद्यालयहरुले आम्दानी तथा खर्चको विवरण आफ्नो वेबसाईटमा राखी यसलाई अध्यावधिक गर्ने अनिवार्य व्यवस्था गरिनेछ ।
८. विद्यालयको वडापत्र तयारी, सामाजिक परिक्षण, प्रधानाध्यपक-शिक्षक-विद्यार्थी अन्तरक्रिया जस्ता सामाजिक जवाफदेहिता सम्वन्धी कार्यहरु संचालन गरिनेछ ।
९. विद्यार्थी संख्या कम भएका विद्यालयलाई नजिकैको विद्यालयमा मर्ज गरी शिक्षक-विद्यार्थी अनुपात मिलान गरिनेछ ।
१०. मर्ज भएका विद्यालयको भवन तथा अन्य पुर्वाधारलाई पुस्तकालय, अध्ययन केन्द्र, बाल क्लव/बाल संजालको कार्य कक्ष जस्ता उपयोगी कार्यमा प्रयोग गरिनेछ ।
११. बालमैत्री घोषणा भएका विद्यालयलाई सम्मान र पुरस्कृत गरिनेछ ।
१२. आधारभूत तहमा सिकाई दर वृद्धि गर्न प्रधानाध्यापक, शिक्षक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई जवाफदेही वनाईनेछ ।
१३. विद्यालयमा अध्ययनरत बालबालिकाका अभिभावक मात्र रहने गरी तोकिएकै समय र विधि अनुसार विद्यालय व्यवस्थापन समिति गठन/पुनर्गठन गरिनेछ ।
१४. विद्यालय व्यवस्थापन समितिमा बालक्लव/संजाल बाट कम्तिमा १ जना छात्रा सहित २ जना बालबालिकालाई आमन्त्रित सदस्य को रुपमा राखिनेछ ।
१५. अभिभावक-शिक्षक संघको नियमानुसार गठन तथा पुनर्गठन गरि सक्रिय भूमिका सुनिश्चित गरिनेछ ।

**रणनीति ९: विद्यालय व्यवस्थापन समितिको कामलाई प्रभावकारी वनाउने ।**

<u>कार्यनीतिहरु</u>

१. विद्यालय व्यवस्थापन समितिको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।
२. विद्यालय व्यवस्थापन समितिको न्यूनतम् द्विमासिक बैठक बसि शैक्षिक सुधार सम्बन्धीका कार्यहरु गरिनेछ ।
३. छिमेकी स्थानीय तहका विद्यालय व्यवस्थापन समिति र अभिभावकवीच अन्तरक्रिया तथा अनुभव आदानप्रदान गरी साझा समस्या समाधानका लागि सहकार्य गरिनेछ ।

महागढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरियारपुर, बारा मधेश प्रदेश, नेपाल २०७३

४. विद्यालय संचालन, गुणस्तर वृद्धि तथा नतिजामा सुधार गर्ने सवालमा विद्यालयको प्रधानाध्यापकलाई थप अधिकार तथा जिम्मेवारी दिइनेछ ।
५. तोकिएको जिम्मेवारी पुरा गर्न नसकेका शिक्षक, कर्मचारीहरूलाई निश्चित सेवा सुविधा दिई स-सम्मान बिदा गर्ने नीति अवलम्बन गरिनेछ ।
६. विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरुलाई विद्यालयको नियमित अनुगमन तथा सुपरिवेक्षण गर्न प्रोत्साहन गरिनेछ ।

**रणनीति १०: अनुगमन तथा मूल्यांकन प्रणाली प्रभावकारी वनाउने ।**

कार्यनीतिहरु

१. सामुदायिक तथा संस्थागत विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धी गर्न न्यूनतम् चौमासिक रुपमा अनुगमन र वार्षिक रुपमा मूल्यांकन गरिनेछ ।
२. अनुगमन तथा मूल्यांकन समिति/टोली/व्यक्ति वा अन्य कुनै संयन्त्र नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।
३. अनुगमन तथा मूल्यांकनको लागि विपन्न एवं सीमान्तकृत वर्गका बालबालिकाको आधारभूत तथा माध्यमिक तहको शिक्षा सम्बन्धी विषय समेत समेटीएको चेकलिष्ट (फारम) तयार गरिनेछ ।
४. अनुगमन तथा मूल्यांकनकर्ताले सोही चेकलिष्ट वमोजिमको सूचनाका आधारमा सुझाव सहितको प्रतिवेदन नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।
५. नगर कार्यपालिकाले अनुगमन तथा मूल्यांकन प्रतिवेदन अध्ययन गरी उपयुक्त ठानेको सुझावहरु कार्यान्वयन गर्ने, गराउनेछ ।

## १०. नीति मूलप्रवाहीकरण

यस शिक्षा नीतिलाई नगरपालिकाको समग्र शासकीय प्रक्रियामा मूलप्रवाहीकरण गरिनेछ । नीतिका कतिपय प्रावधानहरु अन्य विषय क्षेत्रहरुसंग समेत सम्बन्धित रहेको अवस्थामा यसलाई अलग्गै नीतिको रुपमा मात्रै हेर्न सकिदैन । तसर्थ नगरपालिकाको आवधिक तथा वार्षिक योजना, बजेट, अन्य नीति र संस्थागत संरचनाहरुमा समेत यसलाई एकीकृत र मूलप्रवाहीकरण गरिनेछ ।

## ११. नीति कार्यान्वयन

यस नीति कार्यान्वयनमा सहजीकरण गर्न देहायको समिति गठन गरिनेछ । नीति कार्यान्वयनमा यस समितिको प्रमुख भूमिका रहनेछ । समितिले कार्यपालिका र सम्वन्धित निकाय संग समन्वय, योजना

तर्जुमा, बजेट व्यवस्थापन र कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने कार्य गर्नेछ । नीति कार्यान्वयनको सिलसिलामा विद्यालयस्तरमा हुने गतिविधिको अनुगमन, समन्वय र प्रतिवेदन सम्बन्धी कार्य समेत यस समितिले गर्नेछ ।

**नीति कार्यान्वयन सहजीकरण समिति गठनः**

- सामाजिक विकास समितिका संयोजकः संयोजक
- प्रमुख प्रशासकीय अधिकृतः सदस्य
- नगरपालिकाका शिक्षा शाखा प्रमुखः सदस्य सचिव

*(नोटः समितिले आवश्यकता अनुसार विज्ञ र साझेदार संस्थाका प्रतिनिधीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ) ।*

## १२. वित्तीय व्यवस्था

यस नीति कार्यान्वयनको लागि नगरपालिकाले आफ्नै श्रोत तथा साधनको परिचालन गर्नेछ । आवश्यक योजना एवं बजेटको व्यवस्था गरिनेछ । तापनी नीति तथा कानूनी व्यवस्था कार्यान्वयनको लागि आवश्यक मानव संसाधन विकास, वित्तीय व्यवस्था र संस्थागत क्षमता विकासका लागि नगरपालिकाको श्रोत, साधन पर्याप्त नरहेको अवस्थामा संघ तथा प्रदेश सरकार एवं मातहतका निकाय, गैर सरकारी संस्था एवं अन्य साझेदार निकायहरुको सहयोग प्राप्त गर्न सकिनेछ ।

## १३. साझेदार निकायको भूमिका

संघीय र प्रदेश सरकारका नीति तथा कार्यक्रमलाई समेत सघाउ पुग्नेगरी महागढीमाई नगरपालिकाको शिक्षा नीति कार्यान्वयन गरिनेछ । यो नीति कार्यान्वयनमा सघाउ पुऱ्याउनु सम्बन्धित सबै सरोकारवाला र साझेदार निकायको कर्तव्य हुनेछ । मूलतः प्रमुख साझे्दार निकायको भूमिका देहाय बमोजिम हुनेछ ।

(क) **महागढीमाई नगरपालिकाः** नीति कार्यान्वयनको प्रमुख जिम्मेवारी महागढीमाई नगरपालिकाले लिनेछ । नीति कार्यान्वयनको लागि कानूनी व्यवस्था मिलाउने, योजना तर्जुमा गरी बजेटको व्यवस्था गर्ने, नीति कार्यान्वयनको लागि नगरपालिका मातहतका कर्मचारी तथा विद्यालय लगायतका संस्थागत संयन्त्रहरु परिचालन गर्ने, नीति कार्यान्वयनको लागि वातावरण निर्माण गर्ने र नीति कार्यान्वयनको अनुगमन, नियमन, समीक्षा र मूल्यांकन सम्बन्धी कार्यहरु नगरपालिकाले गर्नेछ । संघीय तथा प्रदेश सरकार, छिमेकी स्थानीय तह, बारा जिल्लामा रहेका संघ तथा प्रदेश सरकार मातहतका कार्यालय वा निकाय, जिल्ला समन्वय समिति, विकास साझेदार, गैर सरकारी संस्था, विद्यालय र निजी क्षेत्रसंग समन्वय गर्ने र आवश्यकता अनुसार सहकार्य गर्ने जिम्मेवारी समेत नगरपालिकाको हुनेछ ।

महागढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरियारपुर, बारा मधेश प्रदेश, नेपाल २०७३

**(ख) विद्यालयः** महागढीमाई नगरपालिका भित्र संचालित सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले यो नीति अवलम्वन गर्नेछन् । नीति कार्यान्वयनको लागि विद्यालय तहवाट गरिनुपर्ने कार्यहरु सम्पन्न गर्ने र नगरपालिकाले निर्देश गरे वमोजिमका थप कार्य गर्ने वा कार्यक्रम संचालन गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक र कर्मचारीहरुको हुनेछ ।

**(ग) नेपाल सरकार र मधेश प्रदेश सरकारः** नगरपालिकाले प्राथमिकता तोकेको विषयलाई सघाउ पुग्ने गरी आ-आफ्नो अधिकार क्षेत्रका नीति तथा कार्यक्रम तर्जुमा र बजेट विनियोजन गर्ने । नीति कार्यान्वयनमा सघाउ पुर्‍याउन मातहतका निकायको सहयोग उपलब्ध गराउने ।

**(घ) विकास साझेदार र गैर सरकारी संस्थाः** यो नीतिलाई सहयोग पुग्ने किसिमका कार्यक्रम तर्जुमा गर्ने । नीति कार्यान्वयनमा नगरपालिका र विद्यालयले माग गरेको प्राविधिक र आर्थिक सहयोग उपलव्ध गराउने र आ-आफ्ना योजना तथा कार्यक्रम संचालन गर्दा नगरपालिका संग समन्वय गर्ने ।

## १४.कानूनी व्यवस्था

प्रचलित कानूनी व्यवस्थाको अधिनमा रही महागढीमाई नगरपालिकाले नगर शिक्षा ऐन र तत् विषयका कार्यविधि, निर्देशिका तर्जुमा लगायतका कानून निर्माण गरी कार्यान्वयनमा ल्याउनेछ । आवश्यक कार्यविधि कानून निर्माण प्रकृयामा आवश्यकता अनुसार साझेदार संस्थाहरुको सहयोग साथै बालबालिका र तिनका अभिभावक लगायत सरोकारवाला निकायको सहभागिता सुनिश्चित गरिनेछ ।

## १५. अनुगमन तथा प्रतिवेदन

नीति कार्यान्वयनको प्राथमिक अनुगमन, सुपरीवेक्षण र प्रतिवेदन तयार गर्ने प्रमुख जिम्मेवारी नगरपालिकाको शिक्षा शाखाको हुनेछ । नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिले योजना तथा कार्यक्रमका अलावा यस नीति कार्यान्वयन र उपलव्धिका वारेमा अध्ययन, अनुगमन र सुपरीवेक्षण गरी नगर कार्यपालिकामा प्रतिवेदन पेश गर्नेछ । आवश्यकता अनुसार जिल्ला समन्वय समिति, नगरपालिकाको सामाजिक विकास समिति, शिक्षा समिति र नगरपालिका प्रमुख लगायतका पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत र तोकिएका कर्मचारी एवं विज्ञले समेत नीति कार्यान्वयनको अनुगमन गरी कार्यपालिकालाई आवश्यक सुझाव दिन सक्नेछन् ।

## १६. अपेक्षित नतिजा/उपलव्धी

१. नगरपालिकाभरका सबै विद्यालय बालमैत्री अवधारणा अनुसार संचालन भएका हुनेछन् ।
२. विद्यार्थी भर्ना दर शतप्रतिशत हुनेछ ।
३. कक्षा छोडने दर तीन प्रतिशत र कक्षा दोहोर्‍याउने दर पाँच प्रतिशत भन्दा कम हुनेछ ।



महागढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरियारपुर, बारा मधेश प्रदेश, नेपाल २०७३

४. सिकाई उपलब्धीमा उल्लेख्य सुधार भएको हुनेछ ।
५. विपन्न एवं सीमान्तकृत वर्गका न्यूनतम् ७० प्रतिशत बालबालिकाले माध्यमिक तहको शिक्षा पुरा गर्नेछन् ।

## १७. नीतिको पुनरावलोकन/समीक्षा/मूल्यांकन

यो नीति कार्यान्वयनको वार्षिक रुपमा समीक्षा गरिनेछ । समीक्षावाट देखिएको अवस्था बारेमा शिक्षा शाखाले सुधार र अबलम्वनका कार्यहरु गर्नेछ । नीति कार्यान्वयनका लागि आवश्यक योजना तथा कार्यक्रमहरु नगरपालिकाको वार्षिक योजनामा समावेश हुनेछ । नीति कार्यान्वयनको पाचौं वर्षमा स्वतन्त्र पक्षवाट मूल्यांकन गरिनेछ । मूल्यांकनवाट प्राप्त सुझावहरुको आधारमा नीतिमा सुधार गर्ने, निरन्तरता दिने वा नयाँ नीति तर्जुमा गर्ने निर्णय कार्यपालिकाले गर्नेछ ।

महागढीमाई नगरपालिका

महागढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरियारपुर, बारा मधेश प्रदेश, नेपाल २०७३

## १८ नीति कार्यान्वयन कार्य योजना

| क्र.सं. | प्रमुख रणनीतिक क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहजीकरण/ सहयोग | स्थान | समय अवधि | |
|---|---|---|---|---|---|---|
| १ | नगरपालिकाको शिक्षा नीति अनुमोदन गर्ने | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका बैठक | २०८१ माघ मसान्त | |
| २ | नगरपालिकाको शिक्षा नीति कार्यान्वयन सहजीकरण समिति गठन | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका बैठक | २०८१ फागुन | |
| ३ | बालमैत्री विद्यालय कार्यविधि निर्माण | कार्यपालिका | शिक्षा नीति कार्यान्वयन सहजीकरण समिति | कार्यपालिका बैठक | २०८२ बैशाख मसान्त | |
| ४ | संस्थागत विद्यालयको लगत अध्यावधी गर्ने | शिक्षा शाखा | विद्यालय | नगरपालिका | २०८२ जेठ मसान्त | गरी विद्य सुनि |
| ५ | लक्षित समूह सहायता कार्यक्रम संचालन | शिक्षा शाखा | शिक्षा नीति कार्यान्वयन सहजीकरण समिति | सबै वडा | २०८२ बैशाख | |
| ६ | विपन्न तथा सीमान्तकृत वर्ग पहिचान | विद्यालय | शिक्षा शाखा | कार्यपालिका बैठक | २०८२ बैशाख | |
| ७ | विद्यालय व्यवस्थापन समिति गठन/पूनर्गठन | कार्यपालिका | शिक्षा शाखा | विद्यालय | २०८२ बैशाख देखि नियमित | बाल प्रति |
| ८ | विद्यालय सुधार योजना तर्जुमा | सबै विद्यालय | शिक्षा शाखा | विद्यालय | २०८२ बैशाख मसान्त | |
| ९ | प्रत्येक विद्यालयमा बाल क्लव तथा बाल संजाल गठन/पुनर्गठन | विद्यालय | सामाजिक विकास शाखा | सबै विद्यालय | २०८२ बैशाख देखि निरन्तर | |

महागढीमाई नगरपालिका



महागढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरियारपुर, बारा मधेश प्रदेश, नेपाल २०७३

| क्र.सं. | प्रमुख रणनीतिक क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहजीकरण/सहयोग | स्थान | समय अवधि |
|---|---|---|---|---|---|
| १० | बाल क्लव क्षमता विकास विकास कार्यक्रम | सामाजिक विकास शाखा | विद्यालय | विद्यालय | २०८२ बैशाख देखि निरन्तर |
| ११ | विद्यालय अनुगमन चेकलिष्ट (फारम) तयारी | शिक्षा शाखा | अनुगमन समिति | कार्यपालिका | २०८२ बैशाख |
| १२ | वडा शिक्षा योजना तर्जुमा | सबै वडा | शिक्षा शाखा | वडा | २०८२ असार मसान्त |
| १३ | नीति कार्यान्वयन बजेट तर्जुमा | शिक्षा नीति कार्यान्वयन सहजीकरण समिति | शिक्षा शाखा | कार्यपालिका | नगरपालिकाको वार्षिक योजना तर्जुमाको समय |
| १४ | नगर शिक्षा योजना तर्जुमा | कार्यपालिका | शिक्षा शाखा | कार्यपालिका | २०८२ भदौ |
| १५ | अभिभावक सहायता कार्यक्रमको निर्देशिका तयारी | कार्यपालिका | शिक्षा समिति | कार्यपालिका | २०८२ भदौ |
| १६ | माध्यमिक तहमा पढ्दै-कमाउँदै र कमाउँदै-पढ्दै कार्यक्रम तर्जुमा | कार्यपालिका | शिक्षा नीति कार्यान्वयन सहजीकरण समिति | कार्यपालिका | २०८२ असोज |
| १७ | साझेदार एवं सहयोगी निकायको बैठक | कार्यपालिका | शिक्षा नीति कार्यान्वयन सहजीकरण समिति | कार्यपालिका | चौमासिक |
| १८ | पूर्ण साक्षर नगरपालिका घोषणा/अभियान | शिक्षा शाखा | कार्यपालिका, विद्यालय | घरपरिवार | निरन्तर |

महागढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरियारपुर, बारा मधेश प्रदेश, नेपाल २०७३

| क्र.सं. | प्रमुख रणनीतिक क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहजीकरण/ सहयोग | स्थान | समय अवधि |
|---|---|---|---|---|---|
| | संचालन | | | | |
| १९ | बाल विकास केन्द्रको कक्षा कोठा सुधार | विद्यालय | शिक्षा शाखा | बाल विकास केन्द्र | २०८२/८३ देखि निरन्तर |
| २० | बाल विकास केन्द्रका शिक्षकहरुको द्विमासिक घुम्ति बैठक | बाल विकास केन्द्र | शिक्षा शाखा | बाल विकास केन्द्र | २०८२ साउन देखि |
| २१ | अतिरिक्त क्रियाकलाप संचालन | विद्यालय | व्यवस्थापन समिति | विद्यालय | साप्ताहिक |
| २२ | शिक्षकहरुको द्विमासिक घुम्ति बैठक | प्रधानाध्यापक | शिक्षा शाखा | विद्यालय | २०८२ साउन देखि |
| २३ | बालमैत्री आचार सहिंता निर्माण | कार्यपालिका | विद्यालय | कार्यपालिका | २०८२ असोज |
| २४ | शैक्षिक पात्रो प्रकाशन | शिक्षा शाखा | विद्यालय | विद्यालय | शैक्षिक सत्र शुरु हुनु अगावै |
| २५ | ट्युसन, कोचिङ्ग वा अतिरिक्त कक्षा संचालन | विद्यालय शिक्षक | प्रधानाध्यापक | विद्यालय | निरन्तर |
| २६ | कक्षा अवलोकन, नमुना प्रस्तुती तथा शिक्षक अन्तरक्रिया | प्रधानाध्यापक | शिक्षक | कक्षा कोठा | २०८२/८३ देखि निरन्तर |
| २७ | लक्षित परिवार सहायता कार्यक्रम | कार्यपालिका | शिक्षा शाखा | कार्यपालिका | २०८२/८३ देखि निरन्तर |
| २८ | प्रधानाध्यापक, बालक्लव संजाल, शिक्षक र अभिभावकको संयुक्त बैठक/भेला | प्रधानाध्यापक | व्यवस्थापन समिति | विद्यालय | २०८२/८३ देखि निरन्तर |

महागढीमाई नगरपालिका
महागढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरियारपुर, बारा मधेश प्रदेश, नेपाल २०७३

| क्र.सं. | प्रमुख रणनीतिक क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहजीकरण/ सहयोग | स्थान | समय अवधि |
|---|---|---|---|---|---|
| २९ | भाषा विज्ञहरुको समिति गठन र स्थानीय पाठ्यक्रम तयारी | कार्यपालिका | शिक्षा शाखा | कार्यपालिका | २०८२ मंसिर |
| ३० | प्रधानाध्यपक-शिक्षक-विद्यार्थी अन्तरक्रिया | प्रधानाध्यापक | | विद्यालय | २०८२/८३ देखि निरन्तर |
| ३१ | विद्यालय अनुगमन | अनुगमन समिति | शिक्षा शाखा | विद्यालय | चौमासिक |

आज्ञाले,

नामः लक्ष्मुमण साह

प्रमुख प्रशासकीय अधिकृत